# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०७४
मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०८२।०८४
चलानी नं.: ३५८

मिति: २०८३।०५।२९

ने.सं.११४६ त्रंलाथ्व तृतिया, सोमबार

**विषय** :- वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन पेश गर्ने गरि जिम्मेवारी तोकिएको एवं समिति गठन सम्बन्धमा ।

सूचना प्रविधि अधिकृत श्री जयविर यादव (अधिकृत सातौ) - संयोजक
अधिकृत छैठौं श्री सुरेन्द्र राय - सदस्य
प्रशासन सहायक श्री रविन्द्र कुमार यादव - सदस्य सचिव
कविलासी नगरपालिका, सर्लाही ।

उपर्युक्त सम्बन्धमा तपाईहरुलाई आ.व.०८२।०८३ मा खरिद योजना र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ को उपनियम (१) बमोजिम आर्थिक वर्ष २०८२।०८३ मा खरिद भएका तथा हस्तान्तरण भई अन्य कार्यालयबाट प्राप्त भएका गत आर्थिक वर्षहरुमा खरिद भएका र हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानहरुको जिन्सी दाखिला, सो को अभिलेख, वर्गीकरण, व्यवस्थापन, उपयोग र संरक्षण लगायत हालको अवस्थाको स्थलगत निरीक्षण तथा विश्लेषण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम (२) मा तोकिए बमोजिमको कुराहरु खुलाई सम्पति तथा जिन्सी निरक्षण प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकि सो प्रयोजनको लागि जिन्सी निरीक्षण समिति गठन गरिएको छ । यस कविलासी नगरपालिका अन्तर्गतका तपसिलका निकायसँग प्रत्यक्ष समन्वय र उपस्थित भई उल्लिखित निकायहरुको जिन्सी निरीक्षण गरि विषयगत क्षेत्र अनुसारको निकायहरुको छुट्टा-छुट्टै खण्डमा एकीकृत वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन मिति २०८३।०६।१५ सम्म पेश गर्नुहुन जानकारी गारउदछु ।

**तपसिल** :
१. नगरपालिका कार्यालय, विषयगत शाखा सबै ।
२. वडा कार्यालय १ देखि १० सम्म सबै ।
३. स्वास्थ्य संस्था लगायत अन्य सबै ।

संजय कुमार झा
नि.प्र.प्र.अ.

**सादर अवगतार्थ** :
श्री ब्रहमदेव राय, प्रमुख, कविलासी न.पा.सर्लाही ।
श्री पुनम कर्ण, उपप्रमुख, कविलासी न.पा.सर्लाही ।

**बोधार्थ** :
श्री प्रशासन शाखा/विषयगत शाखा सबै, कविलासी न.पा.सर्लाही :- (जिन्सी निरीक्षण कार्यमा आवश्यक सहजीकरण गर्नुहुन) ।
श्री जिन्सी शाखा, कविलासी न.पा. सर्लाही :- (तोकिएका पदाधिकारीलाई जिन्सी विवरण अद्यावधिक गरी निरीक्षण र प्रतिवेदनमा सहजिकरण गर्नुहुन) ।
श्री वडा कार्यालय, कविलासी नगरपालिका सर्लाही :- (तोकिएका पदाधिकारीलाई सबै विवरण उपलब्ध गराउनु हुन ।)
श्री स्थानीय स्तरका स्वास्थ्य संस्था लगायत अन्य संस्था सबै :- (तोकिएका पदाधिकारीलाई सबै विवरण उपलब्ध गराउनु हुन)
श्री सूचना प्रविधि शाखा, कविलासी न.पा.सर्लाही :- वेवसाइटमा अपलोड गर्नुहुन ।